नेपाल सरकार
संङ्घीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय
नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय

जि. प्र. का. द. नं.: ०४७/०६३/६४

# प्रतिलिपि अधिकार बुलेटिन

## Copyright Bulletin

सूचना तथा सचेतनाका लागि

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको चौमासिक प्रकाशन

कार्तिक ३०, २०६८ | Volume 6, Issue 16 | Nov.16, 2011

## यस भित्र

प्रतिलिपि अधिकार क्षेत्रीय गोष्ठी २

संगीतकर्मीसँग अन्तरक्रिया २

रोम महासन्धिमा नेपाल प्रवेश.......... ३
(लेख)

प्रतिलिपि अधिकार संरक्षणमा .........४
(लेख)

प्रतिलिपि अधिकार ऐन कार्यान्वयन तथा पाइरेसी नियन्त्रण ..... ५

अधिकार उल्लंघन गर्नेलाई सजाय ७

प्रतिलिपि अधिकार र रोयल्टी संकलन विषयक छलफल ७

रचना दर्ता ८

परामर्श समिति गठन ८

सम्पादक समूह:

बिसु कुमार के.सी.

नारायणप्रसाद अर्याल

विश्वबन्धु पौडेल

डिजाइन तथा कम्प्युटर

दिपेन्द्र कक्षपती

रत्नकाजी महर्जन

www.nepalcopyright.gov.np

यदि तपाईंसँग बौद्धिक सम्पत्ति, प्रतिलिपि अधिकार एवं तत्सम्बन्धी अधिकारका विषयमा कुनै कानूनी वा अन्य जिज्ञासा भएमा आफूलाई लागेका प्रश्नहरु हामीलाई लेखी पठाउनुहोला । यस बुलेटिनका आगामी अङ्कहरुमा तपाईंका प्रश्नहरुको उत्तर दिने प्रयास गर्नेछौं ।

धन्यवाद ॥

# प्रहरी अधिकृतहरूलाई प्रतिलिपि अधिकार तालीम



नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले यही मिति २०६८ कार्तिक ३ र ४ गतेका दिन मोरङ्गको विराटनगरमा पूर्वाञ्चल विकास क्षेत्रका विभिन्न जिल्लामा कार्यरत बीस जना प्रहरी अधिकृतहरूलाई प्रतिलिपि अधिकारका विभिन्न पक्षहरूका सम्बन्धमा आवासीय तालीम सञ्चालन गरेको छ । प्रतिलिपि अधिकार ऐन, २०५९ लाई कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी नेपाल प्रहरीलाई भएको र त्यस सम्बन्धी मुद्दाहरूको तहकीकात र अनुसन्धान कम्तीमा इन्स्पेक्टर सरहको अधिकृतबाट हुनुपर्ने कानूनी व्यवस्था भएकोले उनीहरूलाई लक्ष्य गरी सो तालीम कार्यक्रम सञ्चालन गरिएको हो । तालीम कार्यक्रमको शुभारम्भ मोरङ जिल्लाका प्रमुख जिल्ला अधिकारी सुरेश अधिकारीले गर्नु भएको थियो । उक्त अवसरमा बोल्दै उहाँले बौद्धिक सम्पत्तिको एक प्रमुख पाटाको रूपमा रहेको प्रतिलिपि अधिकारको महत्व अहम् भएको र आजका समृद्धशाली ठहरिएका राष्ट्रहरूको उक्त समृद्धिको कारक मध्ये एउटा प्रमुख कारक प्रतिलिपि अधिकार पनि भएकोले उक्त अधिकार संरक्षणमा दर्विलो प्रयास गर्नुपर्ने बताउनु भयो । एक्काइसौं शताब्दी सूचना प्रविधि, ज्ञान र बौद्धिक सम्पत्तिको युग भएको तथ्यलाई उहाँले जोड दिनुभयो । भौतिक सम्पत्ति भन्दा बौद्धिक सम्पत्तिको महत्व ज्यादा भएको र यसको उपयोगको दायरा पनि विश्वव्यापी रहेकोले राज्य स्रष्टाहरूको दिमागी क्रियाशीलता स्वरूप अभिव्यक्त हुने यस्ता सिर्जनाहरूको संरक्षणमा दत्तचित्त भई खट्नुपर्ने बताउँदै सम्पूर्ण सहभागीलाई उक्त जिम्मेवारी निर्वाहमा कुनै कसर बाँकी नराख्न उहाँले अनुरोध गर्नुभयो । प्रतिलिपि अधिकार ऐन कार्यान्वयनको क्रममा कुनै प्रशासनिक सहयोगको आवश्यकता खट्केमा आफू सहयोगका लागि तत्पर रहेको समेत उहाँले बताउनु भयो । कार्यक्रममा पुनरावेदन सरकारी वकिल कार्यालय विराटनगरका प्रमुख राजन भट्टराईले प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले प्रहरी अधिकृतहरूलाई मात्र राखेर संचालन गर्ने तालीमबाट भविष्यमा उक्त ऐन कार्यान्वयनमा निश्चित रूपले क्रियाशीलता आउने बताउनु भयो । उहाँले पूर्वाञ्चलमा फाट्टफुट्ट यससम्बन्धी मुद्दाहरू पर्ने गरे पनि अनुसन्धान तथा अभियोजन गर्ने निकाय एवं अदालत समेत यस सम्बन्धमा न्यून जानकार रहेका हुँदा मुद्दाहरूलाई स्रष्टाको पक्षमा टुङ्ग्याउन कठीनाई भएको वास्तविकता औंल्याउनु भयो । जिल्ला बार एशोसियशन, मोरङ्गका अध्यक्ष देवेन्द्र कोइरालाले वि.सं. २०२२ देखि आरम्भ भएको प्रतिलिपि अधिकार सम्बन्धी कानूनी व्यवस्था हाल नयाँ ऐन आएको करिव एक दशक हुन लाग्दा पनि प्रभावकारी हुन नसकेकोमा चिन्ता प्रकट गर्नु भयो । स्रष्टाद्वारा सिर्जित नवीनतम सिर्जना नै कुनै पनि राष्ट्रलाई समृद्धितर्फ डोऱ्याउने कडी भएको हुँदा तिनको दुरुपयोग हुन नदिन सबैले सहयोग गर्नु पर्ने उहाँले बताउनु भयो । दुई सत्रमा सम्पन्न उक्त कार्यक्रमको उद्घाटन सत्रमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार बिसु कुमार के.सी.ले आमन्त्रित अतिथि एवं सहभागिहरूलाई स्वागत गर्नु भएको थियो । स्रष्टा अधिकार संरक्षणको जिम्मेवारी प्रतिलिपि अधिकार कार्यालय एक्लैले निर्वाह गर्न नसक्ने हुँदा सबैको समन्वयात्मक प्रयास हुनुपर्नेमा उहाँले जोड दिनु हुँदै कार्यक्रमको उद्देश्यको बारेमा प्रकाश पार्नु भएको थियो । तालीम कार्यक्रमको समापन सत्रमा संघीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालयका सचिव दिनेशहरि अधिकारीले स्रष्टा सर्जकको निरन्तर दवाव पछि

बाँकी पृष्ठ २ मा



## प्रहरी अधिकृतहरूलाई............

निर्माण भई कार्यान्वयनमा आएको प्रतिलिपि अधिकार ऐनलाई यसको उद्देश्य बमोजिम प्रभावकारी रूपमा कार्यान्वयन गर्न प्रहरी अधिकृतहरूलाई अनुरोध गर्नु भएको थियो । सो अवसरमा उहाँले प्रतिलिपि अधिकार संरक्षण प्रयासलाई थप प्रभावकारी बनाउन सरकारले हालै मात्र संस्कृति मन्त्रालयका सचिवको अध्यक्षतामा प्रतिलिपि अधिकार कार्यान्वयन परामर्श समिति गठन गरेको एवं त्यसै बमोजिम प्रत्येक जिल्लामा एक एक जना प्रहरी इन्स्पेक्टरलाई प्रतिलिपि अधिकार नोडल अधिकृत तोक्ने व्यवस्था समेत गरेको हुँदा आगामी दिनमा स्रष्टाको अधिकार संरक्षण गर्ने प्रयासले थप उर्जा पाउने विश्वास व्यक्त गर्नु भयो । बढ्दो पाइरेसी नियन्त्रणमा सहकार्य गरी कार्यक्षेत्रमा खट्ने सम्बन्धमा आवश्यक नीतिगत वातावरण बनाउन मन्त्रालय तयार रहेको बताउँदै उहाँले सबैले आफूलाई कानूनतः प्रदत्त जिम्मेवारी निर्वाह गर्न आग्रह समेत गर्नु भएको थियो । कार्यक्रममा सम्बन्धित क्षेत्रमा कार्यरत कर्मचारी एवं विभिन्न विषय विज्ञहरूबाट फरक फरक विषयमा आठ वटा प्रस्तुति राखिएको थियो । उक्त समग्र कार्यक्रम नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका शाखा अधिकृत नारायणप्रसाद अर्यालले सञ्चालन गर्नु भएको थियो ।

## प्रतिलिपि अधिकार सम्बन्धी क्षेत्रीय गोष्ठी सम्पन्न



यही २०६८ साल कार्तिक ७ गतेका दिन पूर्वाञ्चलको झापामा प्रतिलिपि अधिकार कानून कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरू सम्बन्धमा क्षेत्रीय गोष्ठी सम्पन्न भयो । पूर्वाञ्चलका विभिन्न स्थानमा रही साहित्य, गीतसंगीत, कला, चलचित्र, कम्प्युटर सफ्टवेयर लगायतका विधामा क्रियाशील सिर्जनाकार, यससम्बद्ध व्यवसायी तथा प्रकाशक र सञ्चार संस्था, नेपाल प्रहरी, सरकारी वकिल, अदालत, जिल्ला प्रशासन लगायतका गैरसरकारी तथा सरकारी निकायका व्यक्ति तथा कर्मचारीहरूको उपस्थितिमा उक्त गोष्ठी आयोजना गरिएको थियो । उक्त क्षेत्रमा प्रतिलिपि अधिकार सम्बन्धमा रहेको चेतनाको स्तरलाई अभिबृद्धि गर्ने, कानून कार्यान्वयनको अवस्था पहिचान गरी प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित निकायलाई झक्झकाउने, प्रतिलिपि अधिकारको मान्यता विपरित हुने गरी कसैका सिर्जनाको उत्पादन तथा उपयोग हुने गरे नगरेको सम्बन्धमा जानकारी लिने र हुने गरेको पाइएमा त्यस्तो अनधिकृत कार्य नियन्त्रणमा सबैलाई अनुरोध गर्ने गोष्ठीको उद्देश्य थियो । स्थानीय स्रष्टा सर्जक र यस सम्बन्धी जिम्मेवारी भएका निकायले झेल्दै आएका समस्या पहिचान गरी समाधानको पहल गर्ने एवं विद्यमान प्रतिलिपि अधिकार ऐन, २०५९ मा रहेका कमी कमजोरीका सम्बन्धमा सुझावहरू संकलन गर्ने पनि उक्त गोष्ठीको उद्देश्य थियो।

गोष्ठीको शुभारम्भ झापा जिल्ला अदालतका न्यायाधीश रमेश कुमार पोखरेलले गर्नु भएको थियो । उक्त अवसरमा बोल्दै उहाँले अरूका सिर्जनाको बिना अनुमति उत्पादन तथा पुनःउत्पादन गरी व्यापारिक हिसाबले प्रयोग गर्नु सरासर गैरकानूनी भएकोतर्फ सबैलाई सचेत गराउनु भएको थियो । प्रतिलिपि अधिकार कार्यालयद्वारा सञ्चालित चेतना तथा शिक्षामूलक कार्यक्रमहरूले गर्दा वर्तमानमा प्रहरी, सरकारी वकिल र न्यायाधीश समेत यस सम्बन्धमा थप जानकार भएको हुँदा अधिकार उल्लंघन भएका पिडीतहरूलाई त्यस्तो कार्य गर्नेहरू विरुद्ध न्यायीक प्रक्रियामा सहभागि भई न्यायको लाभ उठाउन उहाँले आग्रह गर्नु भयो । सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा राखी राज्यले प्रतिलिपि अधिकार उल्लंघनलाई गम्भीर अपराध मानी स्रष्टा सर्जकप्रति वास्तविक न्याय गर्न खोजेको औंल्याउँदै आफ्नो अधिकार रक्षार्थ अलि बढी सचेत बन्न स्रष्टालाई र गैरकानूनी कार्य नगर्न सम्बन्धित व्यक्तिहरूलाई अनुरोध समेत उहाँले गर्नु भयो । कार्यक्रममा झापाका निमित्त प्रमुख जिल्ला अधिकारी योगेन्द्र दुलालले स्थानीय प्रशासन प्रतिलिपि अधिकार कानून कार्यान्वयन एवं स्रष्टा सर्जकका हक अधिकार रक्षाका लागि कटिबद्ध रहेको बताउनु भयो । सोही अवसरमा बोल्दै झापा जिल्ला प्रहरी कार्यालयका प्रमुख तारणीप्रसाद लम्सालले नेपाल प्रहरी पाइरेसी तथा सिर्जनाको अनधिकृत व्यापार र प्रयोग नियन्त्रण गर्न तल्लिन रहेको जनाउनु भयो । उहाँले स्रष्टाहरूलाई गुनासा लिएर आफू समक्ष आउन अनुरोध गर्नु भयो । कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार बिसु कुमार के.सी.ले भौतिक सम्पत्तिले भन्दा ज्यादा महत्व राख्ने बौद्धिक सम्पत्ति र त्यसमा पनि प्रतिलिपि अधिकारको संरक्षणका खातिर सबैको सामूहिक चासो र प्रयासको आवश्यकतामा जोड दिनु भएको थियो । उहाँले प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले विगतदेखि सञ्चालन गर्दै आएका विभिन्न कार्यहरूको परिणाम स्वरूप स्रष्टाहरूमा चेतना वृद्धि भएको र गैरकानूनी कार्यमा न्यूनता आएको बताउनु भयो । उहाँले प्रतिलिपि अधिकार रक्षाका लागि सबैभन्दा बढी स्रष्टाहरू नै सक्रीय र जागरुक हुनु पर्ने बताउनु भयो । गोष्ठीमा वरिष्ठ स्रष्टाहरू चुडामणी रेग्मीले स्रष्टाका समस्याको निदानमा राज्य अझ सक्रीय हुनु पर्नेमा जोड दिनु भएको थियो । वरिष्ठ स्रष्टा एल.पी.जोशीले आफू आफ्नै सिर्जनाको दुरुपयोगको साक्षी भई बाँचिरहेको बताउँदै अरू स्रष्टाले त्यस्तो अवस्था भोग्न नपर्ने वातावरण निर्माणमा सरकार थप जिम्मेवार हुनु पर्ने बताउनु भएको थियो । चलचित्रकर्मी पुकार भट्टराई, संगीत उत्पादक मिलन श्रेष्ठ लगायतका विभिन्न व्यक्तित्वहरूले समेत आ-आफ्ना भनाई राख्नु भएको उक्त कार्यक्रममा जिल्ला न्यायाधीश रमेश कुमार पोखरेलले पनि कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका शाखा अधिकृत नारायणप्रसाद अर्यालले स्वागत मन्तव्य व्यक्त गर्दै कार्यक्रमको उद्देश्य सम्बन्धमा समेत प्रकाश पार्नु भएको थियो ।

## संगीतकर्मीसँग अन्तरक्रिया

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले संगीत रोयल्टी संकलन समाज नेपालसँगको समन्वयमा यही २०६८ साल कार्तिक ५ गतेका दिन मोरङ्को विराटनगरमा एक अन्तर्क्रिया कार्यक्रम आयोजना गऱ्यो । उक्त क्षेत्रमा क्रियाशील नयाँ तथा स्थापित संगीतकार, गीतकार, गायक/गायिका र संगीत व्यवसायी समेतको सहभागितामा सम्पन्न उक्त अन्तर्क्रियामा मुख्य गरी नेपालमा संगीत तथा संगीतकर्मीको अवस्था र समस्या तथा तिनको समाधानका अधिकृत नारायणप्रसाद अर्यालले रोयल्टी संकलन संस्थाहरूको गठन सम्बन्धी कानूनी व्यवस्था र ती संस्थाहरूको उद्देश्यका सम्बन्धमा र संगीत रोयल्टी संकलन समाज नेपालका जनरल म्यानेजर दिक्षा गौतमले उक्त समाजका काम कारवाही र भोग्नु परेका समस्याहरूका सम्बन्धमा विस्तृत रूपमा प्रकाश पार्नु भएको थियो । स्थानीयस्तरका संगीत क्षेत्रका स्रष्टाहरूका समस्या पहिचान गर्ने, स्रष्टाहरूलाई रोयल्टी संकलन संस्थामा आवद्धताका लागि प्रेरित



उपाय एवं रोयल्टी संकलनको अभिप्राय र पद्धतिका बारेमा छलफल गरिएको थियो । कार्यक्रममा प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार बिसु कुमार केसी.ले बौद्धिक सम्पत्ति तथा प्रतिलिपि अधिकारका सम्बन्धमा, सोही कार्यालयका शाखा गर्ने एवं उनीहरूका हकाधिकार संरक्षणका लागि सचेत बन्न प्रेरित गर्ने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा विभिन्न सहभागिहरूले आ-आफ्ना विचार अभिव्यक्त गर्नु भएको थियो ।

लेख

# रोम महासन्धिमा नेपाल प्रवेशको औचित्य



विश्वबन्धु पौडेल

मानव विकासको क्रमसँगै बौद्धिक सम्पत्तिको उत्पत्ति र विकास भएको हो । मानवद्वारा सिर्जित कार्यहरू नै बौद्धिक सम्पत्ति हुन् । बौद्धिक सम्पत्तिका पनि दुईवटा पाटा रहेका छन् । जस अन्तर्गत औद्योगिक सम्पत्ति र प्रतिलिपि अधिकार एवं तत्सम्बन्धी अधिकार पर्दछन् । प्रतिलिपि अधिकार अन्तर्गत विशेष गरी साहित्यिक र कलात्मक विधामा स्रष्टाले गर्ने सिर्जनाको संरक्षण गर्ने र सिर्जनामा उनीहरूको हक स्थापित गर्ने विधिको व्यवस्था भएको हुन्छ । यही पृष्ठभूमिमा मूल सिर्जनालाई विभिन्न रूप र तरिकाबाट जन समक्ष पुऱ्याउने प्रस्तोता, ध्वनिअंकन उत्पादक र प्रसारण संस्थाहरूको अधिकार संरक्षण गर्ने उद्देश्यले सन् २६ अक्टोबर १९६१ मा रोम महासन्धि भएको पाइन्छ । "The Rome Convention for the Protection of Rights of the Performers, Producers of Phonogram and Broadcasting Organizations." नाम दिइएको यस महासन्धिले गायक/गायिका, नर्तक, संगीतज्ञ, अभिनयकर्ता आदि प्रस्तोताहरू, रेकर्डिङ्ग स्टुडियो, प्रसारण संस्था (टीभी, रेडियो आदि) लगायतका अधिकार स्थापित गरेको छ ।

बर्न महासन्धिले मूल रचनाको मात्र कुरा गर्दछ । प्रस्तुति, ध्वनिअंकन उत्पादक तथा प्रसारणलाई समेट्दैन । यी क्षेत्रमा साधनारत प्रस्तोता कलाकारलाई अधिकार सम्पन्न बनाई व्यवसायीक रूपमा लाभ प्राप्त गर्न सकून भन्ने उद्देश्यले नै रोम महासन्धि भएको हो । आज विज्ञान, प्रविधि, सूचना एवं सञ्चारको क्षेत्रमा भएको विकासले सिर्जनाको प्रयोगको क्षेत्र एवं दायरा व्यापक हुँदै गएको र सिर्जनात्मक कलाले व्यावसायिक रूप लिई सकेको अवस्था छ । नेपालले साहित्यिक तथा कलात्मक रचनाहरूको संरक्षण गर्न बनेको बर्न महासन्धि (Berne Convention) १८८६ तथा TRIPs Agreement, Rome Convention का प्रमुख सारभूत प्रावधान प्रतिलिपि अधिकार ऐन, २०५९ मा समाविष्ट गरेको पाइन्छ ।

नेपालले विश्व व्यापार संगठनमा प्रवेश गर्दा प्रस्तोता, ध्वनिअंकन उत्पादक र प्रसारण संस्थाहरूका अधिकारलाई संरक्षण गर्न बनेको रोम महासन्धि समेतका आधारमा International Convention for the Protection of Performers, Producers of Phonograms and Broadcasting Organizations, Rome Conventions, 1961 मा प्रवेश गर्ने प्रतिबद्धता जनाएको छ । यस महासन्धिको पक्षधर बन्न विभिन्न पटक कार्यदल गठन भई प्रतिवेदनहरू प्राप्त भइसकेको अवस्था छ । चालू आ.व.मा उक्त महासन्धिमा सम्मिलन हुन पार गर्नु पर्ने विभिन्न कानूनी, आर्थिक, प्राविधिक पूर्वाधारहरूको चरण पूरा गर्नु पर्ने कार्यका लागि अध्ययन गरेर सुझाव पेश गर्न कार्यदल गठन भएको छ । सो कार्य पश्चात सरोकारीत संघ, संस्थाका प्रतिनिधिहरू लगायत सरकारी निकाय समेतको सहभागितामा छलफल गरी टुङ्गोमा पुग्नु पर्ने अवस्था विद्यमान छ ।

## रोम महासन्धि सम्बन्धी कार्यदल

प्रस्तोता, प्रसारक र ध्वनिअंकन उत्पादकहरूको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि हो रोम महासन्धि । यो महासन्धि सन् १९६१ मा रोममा सम्पन्न भएको थियो । यसलाई The Rome Convention for the protection of Performers, Producers of Phonograms and Broadcasting Organizations, 1961 भनिन्छ । नेपालले विश्व व्यापार संगठनको सदस्यता लिंदा रोम महासन्धिको पक्षधर बन्ने प्रतिवद्धता जनाएको थियो । यसैले गत वर्षहरूमा नै रोम महासन्धिको पक्षधर बन्नु पर्दाका असर र प्रभाव बारे दुई वटा कार्यदल बनेर आफ्नो सुझाव प्रतिवेदन पेश गरी सकेका पनि छन् नेपालको प्रतिलिपि अधिकार ऐन नियमहरू पनि उक्त महासन्धिका प्रावधानहरू अनुकूल नै छन् । सन् २०१३ भित्र यो महासन्धिको पक्षधर बन्नु पर्ने भएकोले अहिले प्रक्रियागत रूपमा गर्नु पर्ने काम र नेपालको हीत संरक्षण सम्बन्धमा अध्ययन गरी कार्य आरम्भ गर्न नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रारको संयोजकत्वमा एक कार्यदल गठन गरिएको छ । यस कार्यदलमा उपत्यकाका एफ.एम. प्रसारक संघ, नेपाल संगीत उद्योग संघ र नेपाल गायन समाजका प्रतिनिधि सहित प्रतिलिपि अधिकार सम्बन्धी विज्ञहरू समेत रहेका छन् ।

यस कार्यदलले सम्बन्धित विज्ञहरू, सरोकारवालाहरू र अन्य सम्बन्धित क्षेत्रसँग आवश्यक छलफल एवं परामर्श समेत गरेर प्रतिवेदन तयार गर्ने भएको छ ।

रोम महासन्धिको प्रस्तावनामा हस्ताक्षरकारी राष्ट्रहरू प्रस्तोता, ध्वनिअंकन उत्पादक र प्रसारण संस्थाका अधिकारहरूको संरक्षण गर्न सहमत हुनु पर्ने र सो महासन्धिका धारा १ नेखि ३४ सम्मका धाराहरूमा उल्लेखित प्रावधानहरू बमोजिम व्यवहार गर्नु पर्ने कुरा उल्लेख छ । यस महासन्धिका मूख्य मूख्य व्यवस्था निम्न रहेको पाइन्छ:-

**धारा १:** साहित्यिक र कलात्मक रचनामा दिइएको प्रतिलिपि अधिकारलाई असर पुऱ्याउन नहुने व्यवस्था छ ।

**धारा २:** राष्ट्रिय व्यवहारको परिभाषा अनुसार हस्ताक्षरकारी राष्ट्रको राष्ट्रिय कानूनले प्रस्तुति, ध्वनिअंकन र प्रसारण संस्थालाई प्रदान गरेको व्यवहारलाई राष्ट्रिय व्यवहारको आधार लिइएको छ । विशेष किसिमले संरक्षण दिएको हकमा भने सोही बमोजिम हुने व्यवस्था छ ।

**धारा ३:** प्रस्तोता, ध्वनिअंकन, ध्वनिअंकन उत्पादक, प्रकाशन, पुन:उत्पादन, प्रसारण र पुन:प्रसारणको परिभाषा गरेको पाइन्छ ।

**धारा ४:** संरक्षित प्रसारण र प्रस्तोताका संरक्षणका थप बुँदाहरू निम्न छन्:-
(क) अर्को हस्ताक्षरकारी राष्ट्रमा प्रस्तुत भएको, (ख) धारा-५ बमोजिम संरक्षित प्रस्तुति ध्वनिअंकनमा समावेश भएको र (ग) संरक्षित ध्वनिअंकनमा समावेश नगरिएको प्रस्तुति प्रसारण संस्थाले प्रयोगमा ल्याएको अवस्थामा पनि ध्वनिअंकन उत्पादकलाई राष्ट्रिय व्यवहार गरिने उल्लेख छ ।

**धारा ५:** ध्वनिअंकन उत्पादक अर्को हस्ताक्षरकारी राष्ट्रको नागरिक भएमा, ध्वनिको पहिलो स्थिरीकरण अर्को हस्ताक्षरकारी राष्ट्रमा भएमा र ध्वनिअंकन अर्को हस्ताक्षरी राष्ट्रमा सर्वप्रथम प्रकाशन भएमा त्यस्तो ध्वनिअंकन उत्पादकलाई राष्ट्रिय व्यवहार गरिने व्यवस्था उल्लेख छ ।

**धारा ६:** प्रसारण संस्थाको मुख्य कार्यालय अर्को हस्ताक्षरकारी राष्ट्रमा रहेको भएमा र प्रसारण अर्को हस्ताक्षरकारी राष्ट्रको ट्रान्समिटरबाट प्रसारण गरिएको भएमा त्यस्तो प्रसारण संस्थालाई राष्ट्रिय व्यवहार गरिने उल्लेख छ । प्रसारण संस्थाको मुख्य कार्यालय रहेको हस्ताक्षरकारी राष्ट्रले आफ्नै ट्रान्समिटरबाट प्रसारित गरिएमा मात्र संरक्षण दिने गरी आरक्षण राख्न सकिने व्यवस्था पनि उल्लेख छ ।

**धारा ७:** प्रस्तोताका न्यूनतम संरक्षणका प्रावधानहरू उल्लेख छन् । यसमा प्रस्तोताका खास किसिमका अधिकारहरू तथा प्रस्तोताहरू र प्रसारण संस्था बीचको सम्बन्धका बारेमा उल्लेख भएको छ ।

**धारा १२:** व्यापारिक उद्देश्यले प्रकाशन गरिएको ध्वनिअंकन सोझै प्रसारणको लागि वा सार्वजनिक सञ्चारको लागि उपयोग गरिएमा प्रस्तोता वा ध्वनिअंकन उत्पादक वा दुबैलाई समन्यायिक पारिश्रमिक दिनु पर्ने व्यवस्था छ ।

**धारा १३:** प्रसारण संस्थाका न्यूनतम अधिकारहरूको उल्लेख भएको छ । जस्तै आफ्नो प्रसारणको पुन:प्रसारण गर्ने, आफ्नो प्रसारण स्थिरीकरण गर्ने, पुन:उत्पादन गर्ने ।

**धारा १४:** रोम महासन्धिद्वारा ध्वनिअंकन र सोमा समाविष्ट प्रस्तुतिहरूको स्थिरीकरण र प्रसारणको लागि प्रदान गरिने संरक्षणको अवधि २० वर्ष कायम गरिएको छ ।

**धारा १५:** हस्ताक्षरकारी राष्ट्रहरूले आफ्नो राष्ट्रिय कानूनमा व्यक्तिगत प्रयोग, ताजा घटनाको रिपोर्टिङ्गमा उद्धरण गर्ने, प्रसारण संस्थाले अस्थाई स्थिरीकरण गर्ने र पठनपाठन तथा वैज्ञानिक खोजका लागि प्रयोग गर्दा अधिकार उल्लंघन नहुने व्यवस्था गर्न सक्ने कुरा उल्लेख गरेको

बांकी पृष्ठ ६ मा

लेख

# प्रतिलिपि अधिकार संरक्षणमा सञ्चार क्षेत्र



नारायणप्रसाद अर्याल

## पृष्ठभूमिः

साहित्य, कला, ज्ञान-विज्ञान, सूचना प्रविधि, फिल्म र मल्टिमिडिया तथा कम्प्युटर सफ्टवेयर लगायतका क्षेत्रमा मानव मस्तिष्कको क्रियाशीलताको फलस्वरूप अभिव्यक्त हुने नयाँ, मौलिक एवं बौद्धिक सिर्जनाका सिर्जनाकारलाई कानूनद्वारा प्राप्त हुने आर्थिक तथा नैतिक अधिकारलाई प्रतिलिपि अधिकारको नामले चिनिन्छ । आफ्ना सिर्जनाको उत्पादन, पुनःउत्पादन, बिक्री वितरण, परिमार्जन, संशोधन तथा सार्वजनिक प्रदर्शन, प्रस्तुति र प्रसारण गर्न कानूनतः सम्बन्धित स्रष्टालाई एकलौटी अधिकार प्राप्त हुन्छ । वास्तविक स्रष्टाको अनुमतिले मात्रै कसैले त्यस्ता सिर्जनाको सार्वजनिक एवं व्यापारिक तवरले उपयोग गर्न सक्छ । स्रष्टाको अनुमति बिना उसका प्रकाशित कृतिको अनगिन्ति संख्यामा फोटोकपी गरेर बेच्नु, गीतकार, संगीतकार एवं गायक-गायिका सबैको अनुमति नलिई उनीहरूका गीत संगीतको रिमिक्स गरी अर्कै रूपमा निकाल्नु, अरूका कृतिको अधिकांश अंश आफ्नो कृतिमा समावेश गर्नु, अर्कैले खिचेको फोटो आफ्नो नाममा वा नामै उल्लेख नगरी छपाउनु वा प्रयोग गर्नु, डविङ्ग वा डाउनलोड गरी क्यासेट तथा सि.डी. निकालेर बेच्नु वा फाइल शेयरिङ्ग गर्नु, कम्प्युटर सफ्टवेयर एवं अन्य कलाजन्य रचनाको नक्कल प्रति निकाल्नु वा हुवहु चोरी गर्नु एवं पूर्व प्रकाशित/प्रसारित सामग्रीको नक्कल गरी नयाँ फिल्म वा कार्यक्रम बनाउनु जस्ता विषय प्रतिलिपि अधिकार हनन अन्तर्गत पर्छन् । प्रतिलिपि अधिकारको मान्यताले कुनै पनि सर्जकले आफ्नो बुद्धि विवेक, परिश्रम र लगानी खर्चेर गरेको नयाँ एवं मौलिक रचना उपर उसलाई एकलौटी रूपमा समूच्च अधिकार रहने हुँदा तीनको कसैबाट प्रयोग गरिँदा आर्थिक मूल्य एवं नैतिक पक्षको ख्याल राखिएको वा अनिवार्य रूपमा सहमति खोजिएको, रोयल्टी प्रदान गरिएको र नाम जोडिएको हुनुपर्ने विषयलाई जोड दिन्छ । यसले रचनाको सिर्जना गर्ने सिर्जनाकारको सहमति बेगर निजका सिर्जनाको उत्पादन, पुनःउत्पादन, बिक्री वितरण तथा व्यावसायिक प्रयोग गरेर दोश्रो पक्षले मनग्ये आयआर्जन गर्ने तर वास्तविक सिर्जनाकार भोकभोकै बस्नुपर्ने अवस्था आउन नहुनेमा पक्षपोषण गर्छ । साथै उसको नाम नै उल्लेख नगरी एवं रचनाको भाव नै बिग्रने गरी खण्डीकरण वा तोड्मोड गरी ख्याति वा प्रतिष्ठा गिराउन नहुने कुराको समेत वकालत गर्छ ।

## विद्यमान अवस्थाः

प्रतिलिपि अधिकार संरक्षणको लागि कानूनी व्यवस्थाको प्रारम्भ भएको करिब साढे चार दशक समय भइसके तापनि यस सम्बन्धमा निकै न्यून संख्याका व्यक्तिहरूलाई मात्र जानकारी हुन सकेको छ । वि.स. २०६१ सालमा छुट्टै कार्यालयको रूपमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको स्थापना भए पश्चात् आरम्भ भएको जनचेतना, प्रचारप्रसार र प्रबर्द्धनात्मक कार्यक्रमहरूको सकारात्मक प्रभाव स्वरूप यसप्रतिको चासो र जानकारी त बढ्दै गएको पाइएको छ तर यो पर्याप्त हुन भने सकेको छैन । सिर्जनालाई जन्म दिने स्रष्टाहरू नै आफ्नो अधिकारको सम्बन्धमा अनविज्ञ छन् । साहित्यिक तथा सांगीतिक रचनाका रचनाकार हुन् वा फोटोजन्य रचना जन्माउने फोटोग्राफर वा कम्प्युटर सफ्टवेयर निर्माता वा कलाजन्य तथा चलचित्रजन्य रचनाका रचयिता नै किन नहुन् ती सबै विधाका प्रतिलिपि अधिकार धनीहरू आफ्ना अधिकारप्रति सचेत देखिँदैनन् । उनीहरू आफ्ना सिर्जनाको अनधिकृत उत्पादन, बिक्री वितरण र प्रयोग टुलुटुलु हेरेर बसेको अनुभूति हुन्छ । आफ्नो प्रस्तुतिमा अधिकार रहने गायक, नर्तक जस्ता प्रस्तोता, आफ्नो प्रसारणमा अधिकार रहने रेडियो, टेलिभिजन जस्ता प्रसारण संस्था, आफ्नो ध्वनिअंकन उत्पादनमा अधिकार रहने ध्वनिअंकन उत्पादक संस्थाहरू सबै आफूलाई प्राप्त हुने तत्सम्बन्धी अधिकारको सम्बन्धमा बेखवर देखिन्छन् ।

एकातर्फ अधिकार धनीहरू नै चनाखो र सजग नभएको अवस्था छ भने अर्कोतर्फ राष्ट्रलाई अग्रगमन र सही दिशावोध गर्न सघाउने अमूल्य निधी र राष्ट्रिय सम्पत्तिका रूपमा रहने त्यस्ता सिर्जनाको संरक्षणका निम्ति भएको सरकारी निकायको एक्लो क्रियाशीलता र प्रयास अझै पर्याप्त हुन सकेको छैन । अधिकार संरक्षणको मुख्य दायित्व सरकारको भएपनि यसमा सञ्चार क्षेत्र, गैर सरकारी क्षेत्र, निजी क्षेत्र, व्यवसायी, उपयोगकर्ता तथा सर्वसाधारण सबैको सहयोग जरूरी हुन्छ । तर कतिपय व्यक्ति तथा व्यवसायी र प्रयोगकर्ता समेत अधिकार धनीको स्वीकृति बिना मौलिक सिर्जनाको पुनःउत्पादन तथा बिक्री वितरण गरी अनधिकृत रूपले आयआर्जन गर्ने कार्यमा तल्लीन भएको देखिएको छ । सर्वसाधारणहरू पनि न्यून मूल्यमा पाइने हुँदा अनधिकृत रूपले उत्पादित सस्ता र गुणस्तरहीन सामग्रीको प्रयोगमा अभ्यस्त भएका छन् । स्रष्टाका सिर्जनाको प्रभावकारी संरक्षण भएमा मात्र उनीहरू राष्ट्रलाई थप अग्रगामी दिशातर्फ डोऱ्याउन सहायक हुने खालका नयाँ-नयाँ खोजी र सिर्जनामा उत्प्रेरित हुन्छन् । तर यहाँ उनीहरूलाई पूर्णतः उत्प्रेरित गराउने खालको वातावरण निर्माण भई नसकेको अनुभूति सबैलाई भएको छ ।

## अधिकार संरक्षणमा सञ्चार क्षेत्रको भूमिकाः

नेपालमा राज्यका हरेक निकायका कामकारवाही तथा समाजका कुना काप्चामा व्याप्त विकृति र विसंगतिका विरूद्धमा तथा राष्ट्रियता, लोकतन्त्र, गणतन्त्र, सार्वभौमिकता र जनताको सर्वोच्चताको पक्षमा सञ्चार क्षेत्रले निरन्तर ध्यान पुऱ्याएको छ । तर अनैतिकता र अव्यवस्थाका विरूद्धमा खरो उत्रने त्यही सञ्चार क्षेत्रको ध्यान निकै ठूलो मेहनत र परिश्रमपूर्वक सिर्जनालाई जन्म दिने स्रष्टाका तीनै सम्पत्तिको गैरकानूनी र अनधिकृत रूपमा उत्पादन, बिक्री वितरण र प्रयोग गर्ने काम गर्नेहरू दिन दिनै मोटाउँदै जाने तथापि वास्तविक सिर्जनाकारलाई दुई छाक गर्जो टार्न मुस्किल हुने अवस्थातर्फ भने त्यति पुग्न नसकेको पाइएको छ । अर्थात प्रतिलिपि अधिकार संरक्षणको विषयले सञ्चार माध्यमहरूमा सहज पहुँच स्थापित गर्न नसकेकोले गर्दा सञ्चार माध्यमले अन्य विषयवस्तुको दाँजोमा यसलाई अत्यन्तै न्यून स्थान दिएको अवस्था छ । अत्यन्तै संवेदनशील अपराधका रूपमा लिई सरकारवादी मुद्दा चलाइने प्रतिलिपि अधिकार उल्लंघन सम्बन्धी विषयलाई राज्यको चौथो अंगको रूपमा रहेको र समाजलाई सुसूचित गर्ने दायित्व बोकेको सञ्चार जगतले गम्भीरतापूर्वक लिन र आफ्नो प्रस्तुति एवं प्रसारणको क्रममा उचित स्थान दिन जरूरी छ । गैरकानूनी रूपमा पाइरेसी गरी सिर्जनशीलताको क्रमलाई अनुत्प्रेरित गर्नेहरूका विरूद्धमा खरो उत्रेर सबैलाई सचेत गराउनु पर्ने दायित्व यो क्षेत्रले निर्वाह गर्नु जरूरी छ । भौतिक सामग्रीहरू उपर कसैले अनधिकृत तवरले कब्जा जमाउँदा वा चोरी गर्दा जति महत्व दिइन्छ सो भन्दा बढी महत्व ती भौतिक सामग्रीहरूको जोहो गर्ने सिलसिलामा समेत उपयोगी हुने बौद्धिक सम्पत्तिको चोरी तथा गैरकानूनी उत्पादन र प्रयोग भएको अवस्थामा पनि दिइनु पर्छ ।

समग्रमा भन्नुपर्दा, आफ्ना सिर्जनाउपर रहने स्रष्टाको एकलौटी अधिकारको संरक्षण सञ्चार जगतको निरन्तरको निगरानी, अनुगमन र सहयोगबाट मात्र सम्भव भएकोतर्फ हेक्का पुऱ्याउनु जरूरी छ । बिना अनुमति वा गैरकानूनी रूपमा अरूका पुस्तकको अनुवाद, परिमार्जन, संशोधन तथा प्रकाशन गर्ने, फोटोजन्य तथा साहित्यिक रचनाहरूको चोरी र प्रयोग गर्ने, सांगीतिक रचनाहरूको तोडमोड वा रिमिक्स गर्ने, डाउनलोड र डविङ्ग गरी सीडी, भीसीडी एवं क्यासेटको रूपमा उत्पादन गर्ने, चलचित्रजन्य रचना एवं कम्प्युटर सफ्टवेयरको नक्कली उत्पादन गर्ने, मोबाइलमा रिङ्टोनको प्रयोग गर्ने, अनलाइन संस्करणहरूमा अनुमति बेगर अर्कैका सिर्जना प्रयोग गर्ने एवं कलात्मक सिर्जनाको चोरी र प्रयोग गर्ने लगायतका क्रियाकलापमा दिनप्रतिदिन बढोत्तरी भइरहेको छ । यही अवस्था विदेशी रचनाको हकमा पनि छ । राष्ट्रिय व्यवहारको मान्यताले विदेशी सिर्जनाहरूको संरक्षणको वाध्यात्मक दायित्व पनि हामीलाई भएकोले समग्र संचार क्षेत्रले यसतर्फ समेत ध्यानाकृष्ट गर्नु अत्यावश्यक छ ।

प्रसारण संस्थाको रूपमा क्रियाशील रेडियो तथा टेलिभिजनहरूलाई प्रतिलिपि अधिकार ऐन, २०५९ ले तीनका प्रसारण उपर तत्सम्बन्धी अधिकार (Related Rights) को प्रत्याभूति गरेको छ । सर्वप्रथम सबै प्रसारण क्षेत्र आफ्ना यस्ता अधिकारको सम्बन्धमा जानकार हुनु पर्ने देखिन्छ । प्रसारण संस्थासँगै प्रस्तोता एवं ध्वनिअङ्कन उत्पादकलाई

बांकी पृष्ठ ६ मा



विना सम्झौता नगरौं प्रतिलिपि अधिकारको हस्तान्तरण ।

# प्रतिलिपि अधिकार ऐन कार्यान्वयन तथा पाइरेसी नियन्त्रण सम्बन्धी कार्य योजना

प्रतिलिपि अधिकार ऐन, २०५९ ले रचनाका धनीहरूलाई आर्थिक तथा नैतिक अधिकार प्राप्त हुने व्यवस्था गरेको छ । कुनै पनि साहित्यिक, सांगीतिक तथा कलात्मक रचना, चलचित्र, कम्प्युटर सफ्टवेयर आदिको उत्पादन, पुनःउत्पादन, प्रकाशन, प्रसारण, बिक्री वितरण तथा डाउनलोड गर्न रचयिता वा प्रतिलिपि अधिकार धनीको स्वीकृति लिनुपर्ने हुन्छ । स्वीकृति बिना गरिएको उल्लेखित काम गैरकानूनी ठहर्ने र जरिवाना एवं कैद सजायसम्म हुने व्यवस्था छ । यस्तो कार्यमा प्रयोग भएको मालवस्तु जफत हुने र प्रतिलिपि अधिकार धनीलाई क्षतिपूर्ति समेत दिनु पर्ने व्यवस्था छ । प्रतिलिपि अधिकार उल्लंघन सम्बन्धी मुद्दाको अनुसन्धान र तहकिकात प्रहरी निरीक्षकले गर्ने एवं जिल्ला अदालतले मुद्दा हेर्ने व्यवस्था छ । ऐनको व्यवस्था यस्तो भए तापनि प्रतिलिपि अधिकार उल्लंघन गरेर साहित्यिक रचना, गीत संगीत, कलाकृति र कम्प्युटर सफ्टवेयरको अनधिकृत उत्पादन, पुनःउत्पादन, बिक्री वितरण, प्रयोग, प्रसारण आमरूपमा भइरहेको छ । यस सम्बन्धी गुनासाहरू धेरै भए तापनि प्रक्रियागत रूपमा मुद्दा चलाउने कार्य भने ज्यादै कम मात्र भएको पाइन्छ । संक्षेपमा भन्नु पर्दा प्रतिलिपि अधिकार कानून कार्यान्वयनमा निम्न कमी कमजोरी विद्यमान देखिन्छः-

- जनसाधारणमा ज्ञान र चेतनाको कमी,
- रचयिता वा प्रतिलिपि अधिकार धनीहरू सचेत नहुनु,
- कानून कार्यान्वयन गर्ने निकायहरूमा प्रतिलिपि अधिकार सम्बन्धी ज्ञान, क्षमता र सीपको कमी हुनु तथा अन्य कार्य बोझ बढी हुनु,
- सूचना संकलन र त्यसको आधारमा प्रभावकारी अनुगमन गर्ने कार्यको न्यूनता,
- साधन स्रोतको अपर्याप्तता ।

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय स्थापना भएपछि यसले प्रचार प्रसारमार्फत चेतना वृद्धि गर्ने तथा सम्बन्धित पक्षहरूलाई तालीम प्रदान गर्ने लगायत समन्वयात्मक र सहयोगात्मक कार्य गरी आएको छ । नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयलको सबै जिल्ला र क्षेत्रमा कार्यान्वयनको पहुँच नहुनु, अन्य निकायहरूसँग समन्वयको व्यवस्था अपर्याप्त हुनु तथा अधिकार क्षेत्रको सीमितता रहनु लगायतका कारणले गर्दा पनि प्रतिलिपि अधिकार उल्लंघन नियन्त्रण गर्ने कार्य प्रभावकारी हुन सकेको देखिंदैन ।

उल्लेखित सन्दर्भमा मुलुकमा सिर्जनात्मक कार्यहरूलाई प्रोत्साहित गर्न र सांस्कृतिक उद्यम व्यवसायहरूलाई सवल वनाउन प्रतिलिपि अधिकार ऐनको कार्यान्वयनलाई प्रभावकारी बनाई पाइरेसी नियन्त्रण गर्नु जरुरी भएकोले निम्नानुसारको संयन्त्र वनाई कार्यक्रम सञ्चालन गर्ने कार्य योजना नेपाल सरकार सङ्घीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालयले स्वीकृत गरेको छ ।

## १. प्रतिलिपि अधिकार कार्यान्वयन परामर्श समितिः

सङ्घीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालयका सचिवज्यूको अध्यक्षतामा प्रतिलिपि अधिकारको व्यवस्थापन तथा कार्यान्वयनमा प्रत्यक्ष सरोकार राख्ने सरकारी निकाय तथा सम्बद्ध संघ संस्थाहरूका प्रतिनिधिहरूको प्रतिनिधित्व भएको प्रतिलिपि अधिकार कार्यान्वयन परामर्श समिति गठन गरिएकोछ । समितिको सचिवालयको कार्य नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले गर्नेछ ।

### प्रतिलिपि अधिकार कार्यान्वयन परामर्श समितिको उद्देश्य र कार्यहरूः

- प्रतिलिपि अधिकार कानून कार्यान्वयन गर्ने निकायहरू बीच समन्वय गर्ने,
- जिल्लास्तरमा सम्बन्धित निकायका, साधन स्रोत र जनशक्तिलाई प्रतिलिपि अधिकार कार्यान्वयनमा परिचालन गर्न सहयोग गर्ने,
- प्रतिलिपि अधिकार सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गर्न निर्देश गर्ने,
- प्रतिलिपि अधिकार सम्बन्धी आचारसंहिता पालना गर्न प्रेरित गर्ने,
- प्रतिलिपि अधिकार सम्बन्धी प्रशासन तथा व्यवस्थापन र कार्यक्रमहरूको समीक्षा गरी सुझावहरू दिने,
- प्रतिलिपि अधिकार व्यवस्थाको सुधार र विकास सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने ।

## २. जिल्लामा एकजना प्रहरी निरीक्षकलाई प्रतिलिपि अधिकार नोडल अधिकृतको रूपमा कार्य गर्ने व्यवस्थाः

प्रतिलिपि अधिकार उल्लंघन (Piracy) सम्बन्धी मुद्दाहरूको अनुसन्धान र तहकिकात गर्ने जिम्मेवारी ऐनले प्रहरी निरीक्षकलाई दिएको छ । जिल्लामा एकजना प्रहरी निरीक्षकलाई स्पष्ट जिम्मेवारी समेत तोकी आवश्यक ज्ञान, सीप र सूचना समेत प्रदान गरेमा पाईसेी नियन्त्रणमा प्रभावकारिता आउने देखिन्छ । तसर्थ प्रतिलिपि अधिकार ऐन कार्यान्वयनका लागि हरेक जिल्लामा एक जना प्रहरी निरीक्षकलाई प्रतिलिपि अधिकार सम्बन्धी नोडल अधिकृतको रूपमा समेत कार्य गर्ने गरी तोक्ने व्यबस्था भएको छ । यसरी तोकिएका नोडल अधिकृतहरूको कार्य निम्नानुसार हुनेछः-

१) प्रतिलिपि अधिकार उल्लंघन (Piracy) सम्बन्धी सूचना संकलन र निगरानी गर्ने,

२) प्रतिलिपि अधिकार उल्लंघन (Piracy) सम्बन्धी उजुरीहरूको अनुसन्धान र तहकिकात गर्ने,

३) आफ्नो जिल्लामा प्रतिलिपि अधिकार उल्लंघन (Piracy) एक आपराधिक काम हो भन्ने विषयमा जानकारी तथा चेतना प्रवाह गर्न मद्दत गर्ने,

४) प्रतिलिपि अधिकार धनी, स्रष्टा-सर्जक र कलाकारहरूका गुनासा तथा मर्का सुनेर समाधानको पहल गर्ने,

५) नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय तथा प्रतिलिपि अधिकार सम्बन्धी संघ संस्था तथा निकायहरूसँग सम्पर्क र समन्वय गर्ने ।

नोडल अधिकृतहरूलाई नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय तथा अन्य सम्बन्धित निकायहरूबाट आवश्यक जानकारीमूलक सामग्री तथा सूचनाहरू उपलब्ध गराईनेछ र कार्यालयको कार्यक्रम अनुसार तालीम समेत प्रदान गरिनेछ ।

## ३. प्रतिलिपि अधिकार आचारसंहिता र सोको अनुगमन समिति

- प्रतिलिपि अधिकारसँग सम्बन्धित स्रष्टा सर्जक, कलाकार, प्रस्तोता, प्रसारक तथा उत्पादक एवं प्रयोगकर्ता लगायतले पालना गर्नु पर्ने आचारसंहिता तयार गरी सम्बन्धित संघ संस्थाहरूसँग छलफल तथा परामर्श पश्चात् लागू गर्न लगाइनेछ ।
- यसरी तयार भएको आचारसंहिताको पालना र प्रतिलिपि अधिकारको उल्लंघन तथा पाइरेसी बारे अनुगमन गर्न जिल्लास्तरमा सरोकारवाला संस्थाहरूको प्रतिनिधित्व भएको एक अनुगमन समितिको गठन गरिनेछ । अनुगमन समितिको संयोजकत्व जिल्ला स्थित नेपाल उद्योग वाणिज्य संघले गर्ने र नोडल अधिकृत तथा अन्य सरकारी निकायहरूले सो समितिलाई आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ । यो समितिले जिल्लास्थित प्रहरी कार्यालयलाई प्रतिलिपि अधिकार उल्लंघन र पाइरेसीका घटना बारे सूचना समेत दिइनेछ । अनुगमन समितिको अन्य कार्य तथा जिम्मेवारी बारे आचार संहितामा उल्लेख गरिनेछ ।
- मुलुकका मुख्य बजार क्षेत्र तथा प्रतिलिपि अधिकारजन्य वस्तुहरूको उत्पादन तथा व्यापार हुने क्षेत्रहरूमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट सम्बन्धित उद्यमी व्यवसायी तथा प्रतिलिपि अधिकारसँग सम्बन्धित संघसंस्थाहरूको समेत सहभागितामा अनुगमन तथा निरीक्षण गर्ने कार्यलाई प्रभावकारी पारिनेछ ।

### अपेक्षित उपलब्धिः

प्रतिलिपि अधिकार ऐन कार्यान्वयन सम्बन्धी अवस्था तथा पाइरेसी नियन्त्रण कार्यक्रम र प्रस्तुत संरचनागत व्यवस्थाले प्रतिलिपि अधिकारको

क्रमशः पृष्ठ ६ मा

## प्रतिलिपि अधिकार ऐन......

कार्यान्वयन र पाइरेसी नियन्त्रणमा सकारात्मक प्रभाव पार्नेछ । यो कार्यक्रम कार्यन्वयन गर्ने जिम्मेवारी र समयावधि तथा अनुगमन तथा मुल्याङ्कन व्यवस्था पनि कार्य योजनामा स्पष्ट उल्लेख गरिएको छ । कार्य योजनाको कार्यान्वयनको फलस्वरूप निम्न अनुसारको सकरात्मक प्रतिफल हासिल हुने अपेक्षा पनि गरिएको छ ।

- कला र सांस्कृतिक उद्योग व्यवसायमा लगानी बृद्धि भई रोजगारी, राष्ट्रिय उत्पादन तथा राजस्वमा पनि योगदान बढ्ने,
- साहित्य, कला तथा अन्य सिर्जनात्मक कार्यमा लाग्नेहरूको आम्दानीमा बृद्धि हुन गई यस्ता सिर्जनाका कार्यहरूमा बढोत्तरी आउने,
- कला तथा संस्कृतिको विकास भई राज्यको गरिमा वढ्ने,
- प्रतिलिपि अधिकार उल्लंघन तथा पाइरेसी नियन्त्रण हुने,
- बौद्धिक सम्पत्ति अधिकारको कार्यान्वयनमा प्रभावकारी हुँदा अन्तर्राष्ट्रिय जगतमा नेपालको प्रतिष्ठा पनि अभिवृद्धि हुने ।

## प्रतिलिपि अधिकार संरक्षणमा.....

प्राप्त हुने तत्सम्बन्धी अधिकार तथा वास्तविक स्रष्टालाई प्राप्त हुने प्रतिलिपि अधिकार (Copyright) को सम्बन्धमा आवश्यक जानकारी नहुँदा यदाकदा केही प्रसारण संस्थाहरूबाट समेत कमीकमजोरी हुन गएको पाइएको छ । संगीतजन्य रचनाहरूको प्रसारण गर्दा सबै रचनाकारहरूको नाम उल्लेख गर्ने नगरेको एवं रोयल्टी दिने परिपाटी नबसालेको, अनलाइन मिडीयाले सहमति नलिई वा सहमतिको उल्लंघन हुने गरी फोटो तथा अन्य सामग्रीहरूको प्रयोग गर्ने गरेको, केबुल प्रदायक संस्थाहरूले आधिकारिक केबुल वितरकसँग अनुमति नलिई वा गैरकानूनी ठहर्ने गरी च्यानलहरू प्रसारण गर्ने गरेको, छापा माध्यमले बिना अनुमति बेग्लै प्रयोजनमा फोटो छापेको, लेख र कार्टुनमा यदाकदा नाम उल्लेख नगर्ने गरेको, पूर्व प्रकाशित सामग्री विना अनुमति सोही रूपमा वा अनुवाद गरी छापेको, आधिकारीक वितरकबाट नलिई फिल्म प्रसारण गर्ने गरेको लगायतका गुनासा केन्द्र एवं मोफसलमा संचालित सञ्चार माध्यमहरूका सम्बन्धमा सुनिएको छ । अर्कोतर्फ, सञ्चार क्षेत्रमा क्रियाशील व्यक्तिहरूले सिर्जना गर्ने लेख-रचना, फोटो तथा अनुसन्धानमूलक कृतिहरूमा सम्झौताद्धारा अधिकार हस्तान्तरण गरेको अवस्थामा बाहेक उनीहरूलाई नै एकलौटी अधिकार रहनेतर्फ समेत त्यस्ता संस्थामा कार्यरत ती स्रष्टाहरू समेत यथेष्ट मात्रामा सजग नभएको देखिएको छ ।

विशेषतः प्रसारणजन्य क्रियाकलाप गर्ने सञ्चार माध्यमहरू माथि उल्लेख गरिए बमोजिमका गुनासा आउन सक्नेतर्फ सजग बन्नु आवश्यक हुन्छ । मुख्यगरी गीत संगीतजन्य रचनाको प्रयोग गर्ने टीभी, रेडियो जस्ता संस्थाहरूले सिर्जनाको व्यावसायिक वा सार्वजनिक उद्देश्यले प्रयोग गर्दा स्रष्टा वा अधिकारधनीसँग सम्झौता गरेर मात्र प्रयोग गर्ने एवं निश्चित रोयल्टी प्रदान गर्नुपर्ने दायित्वका सम्बन्धमा हेक्का पुऱ्याउनु जरूरी छ । यससँगै त्यस्ता रचनाको प्रसारण गर्दा त्यसमा सम्बद्ध गीतकार, संगीतकार र गायकगायिका सबैको नाम उल्लेख नगर्दा उनीहरूको नैतिक अधिकारको हनन हुनेतर्फ सचेत बन्नुपर्छ भने आफ्ना प्रसारणमा आफूलाई प्राप्त हुने अधिकारको सम्बन्धमा पर्याप्त जानकारी राख्नुपर्छ । प्रसारणका लागि आउने सीडी, भीसीडी र डीभीडीहरू सक्कली भए नभएको जाँची सक्कली मात्रै स्वीकार गर्ने प्रवृत्ति बसाल्नु पर्छ । कसैले खिचेको फोटो कुनै रूपमा छाप्नु पर्दा वा प्रसारण गर्नुपर्दा सम्बन्धित फोटोग्राफरको अनुमति लिएर मात्र गर्ने र उसको नाम अनिवार्य रूपमा उल्लेख गर्नेतर्फ सजग बन्नु पर्छ । कुनै चलचित्रजन्य रचनाको प्रसारण गर्दा सम्बन्धित चलचित्रको आधिकारीक वितरकसँग अनुमति लिएर मात्र गर्नु पर्छ । त्यस्तै छापा माध्यमले प्रकाशन गर्ने कार्टुनमा समेत त्यसको सिर्जनाकारलाई आर्थिक तथा नैतिक अधिकार रहनेतर्फ जानकारी राख्नु पर्छ । पूर्व प्रकाशित लेख रचनाको पुनः प्रकाशन गर्न उपयुक्त लागे सहमतिमा मात्रै गर्नुपर्छ । लेख रचनाको अत्यन्तै ठूलो हिस्सा काँटछाँट गर्दा खण्डीकरण हुन सक्ने र लेखकको वास्तविक भाव मर्न सक्नेतर्फ पनि ध्यान पुऱ्याउनु पर्छ ।

जानी बुझिकन वा अज्ञानमै कोही कसैबाट हुने बौद्धिक सम्पत्तिको गैरकानूनी उत्पादन र प्रयोगको नियन्त्रण सञ्चार क्षेत्रको सक्रिय सहयोग, समर्थन र साथ बिना असंभवप्राय छ । तसर्थ सञ्चार क्षेत्रले प्रतिलिपि अधिकार उल्लंघनका विषयमा परेका मुद्दा तथा स्रष्टाका पक्षमा भएका फैसला एवं अन्य कारबाहीको बारेमा निरन्तर समाचार सम्प्रेषण गरी उल्लेखित गल्ती गरेमा सजायको भागीदार बन्नु पर्नेतर्फ सबैलाई सचेत गराउन तथा वास्तविक स्रष्टालाई उत्प्रेरित गर्न सहायक हुने अवस्थाको निर्माणमा ध्यान पुऱ्याउन अत्यावश्यक छ ।

aryalnp@yahoo.com

## रोम महासन्धिमा....

छ । हस्ताक्षरकारी राष्ट्रले प्रतिलिपि अधिकार सरहको तत्सम्बन्धी अधिकारको सीमा तोक्न सक्ने व्यवस्था छ ।

**धारा १६:** धारा १२ को समन्यायिक पारिश्रमिक दिने कुरामा आरक्षणको घोषणा गर्न सकिने व्यवस्था छ । त्यस्तै धारा १३(d) मा उल्लेखित प्रावधान लागू गर्न सक्ने गरी आरक्षणको घोषणा गर्न सकिने व्यवस्था छ ।

**धारा १७:** २६ अक्टुवर १९६१ सम्म स्थिरीकरणको योग्यतालाई मात्र मान्ने गरी व्यवस्था गरेको राष्ट्रले संयुक्त राष्ट्र संघका महासचिव समक्ष सूचना गरी धारा ५ को नागरिकताको प्रावधानको सट्टा स्थिरीकरणको योग्यता बमोजिम संरक्षणको घोषणा गर्न सकिने व्यवस्था छ ।

**धारा २४:** संयुक्त राष्ट्र संघका महासचिवले महासन्धिका विषयमा सूचना दिने कुरा उल्लेख छ । बर्न युनियन अथवा Universal Copyright Convention का सदस्य राष्ट्र रोम महासन्धिको पक्ष बन्न सक्ने व्यवस्था छ ।

**धारा २५:** रोम महासन्धिका प्रावधान लिखत दाखिला गरेको ३ महिनादेखि प्रारम्भ हुने व्यवस्था छ ।

**धारा २७:** खास प्रदेश र क्षेत्रमा महासन्धि लागू हुने घोषणा गर्न सक्ने व्यवस्था छ । त्यस्तो घोषणा गरिने क्षेत्र Universal Copyright Convention वा बर्न महासन्धि लागू हुने क्षेत्र हुनु पर्दछ ।

**धारा २९:** रोम महासन्धिको परिमार्जन गर्दा महासन्धि लागू भएको ५ वर्षपछि परिमार्जनको सूचना संयुक्त राष्ट्र संघको महासचिवलाई दिई अनुरोध गर्ने, महासचिवलाई सूचना दिएको मिति भन्दा ६ महिनापछिसम्म आधा भन्दा कम नहुने संख्याका राष्ट्रले समर्थन जनाएमा सन्धिको प्रशासन गर्ने स्रष्टाहरूलाई सूचना दिई परिमार्जन सम्मिलन राख्न सकिने प्रावधान छ । परिमार्जन २/३ सदस्य राष्ट्रको सकारात्मक मतको आवश्यक पर्छ ।

**धारा ३०:** विवादको समाधान वार्ताबाट हुन नसकेमा अन्तर्राष्ट्रिय न्यायालयबाट हुने व्यवस्था छ ।

छिमेकि मुलुक भारत लगायतका मुलुकहरू यस महासन्धिको पक्ष अझै बनी सकेका छैनन् । रोम महासन्धिमा उल्लिखित प्रावधानहरू मध्ये हाम्रो प्रतिलिपि अधिकार ऐनले प्रायःजसो व्यवस्थाहरू समेटिसकेको छ । समेट्न नसकेका विषयहरूलाई आरक्षण राखी त्यस्ता आरक्षणका व्यवस्थाहरूलाई प्रतिलिपि अधिकार ऐन संशोधनको प्रक्रियाबाट रुपान्तरण गरी मिलाउन सकिने नै हुन्छ । स्रष्टा र सर्जकको अधिकार संरक्षणमा सुनिश्चितता भएमा नै बौद्धिक सम्पत्ति सम्बन्धी अधिकारको कदर भएको मानिनेछ । समाजमा विद्यमान अस्वस्थ प्रतिस्पर्धाको रोकथाम र नियन्त्रण गरी स्रष्टा/सर्जकको अधिकार संरक्षण गर्ने प्रतिबद्धता जाहेर भएमा मात्रै त्यो सम्भव हुने देखिन्छ ।

## अदालतहरूबाट भएका फैसलाहरूको अध्ययन

प्रतिलिपि अधिकारको कार्यान्वयन सक्षम अदालतहरूबाट हुन्छ । हालका दिनहरूमा स्रष्टा एवं प्रतिलिपि अधिकारका धनीहरू आफ्नो हक हनन भएको सम्बन्धमा कानूनी उपचार खोज्न जागरूक हुन थालेका छन् । नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले मुलुक भरिका अदालतहरूमा परेका प्रतिलिपि अधिकार सम्बन्धी मुद्दा र सम्मानित अदालतहरूबाट भएका फैसलाहरूको अध्ययन गरिरहेकोछ । हालै झापा तथा काठमाडौं उपत्यकाका जिल्ला अदालतहरू एवं पुनरावेदन अदालत, पाटनमा परेका यस्ता मुद्दाहरू सम्बन्धमा कार्यालयले विवरण संकलन गरेको थियो । यसै क्रममा काठमाडौं जिल्ला अदालतबाट एउटा महत्वपूर्ण निर्णय भएको र प्रतिलिपि अधिकार उल्लंघन गर्नेबाट क्षतिपूर्ति भराउने र नगद जरिवाना सहित कैद सजाय समेत गर्ने निर्णय भएको पाइयो । सो निर्णयको सार यसै बुलेटिनमा पनि प्रकाशन गरिएको छ ।

# प्रतिलिपि अधिकार र रोयल्टी संकलन विषयक छलफलः

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय र संगीत रोयल्टी संकलन समाज नेपालको संयुक्त आयोजनामा यही २०६८ कार्तिक १८ गते पोखरामा प्रतिलिपि अधिकार र रोयल्टी संकलन विषयमा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । दुई चरणमा भएको उक्त कार्यक्रमको पहिलो चरणमा पोखरामा कार्यरत पत्रकार एवं रेडियो तथा टेलिभिजन प्रसारकहरू समेत गरी करिव ३० जना सहभागीहरू थिए ।

दोश्रो चरणको कार्यक्रममा स्थानीय कवि, कलाकार, गीतकार तथा संगीतकारहरूसँग छलफल र अन्तरक्रिया भयो । पोखरामा रहेर गीत संगीत तथा सिर्जनाका अन्य क्षेत्रमा योगदान दिने वरिष्ठ सर्जकहरू करिव ८० जनाको उपस्थितिमा कार्यक्रम भएको थियो । कवि तथा गीतकार सरूभक्त, लोक गायिका हरिदेवी कोइराला, कवि तथा कलाकार तिर्थ श्रेष्ठ, लोक दोहरी प्रतिष्ठानका अध्यक्ष तथा वरिष्ठ गायक पुरूषोत्तम



न्यौपाने आदि चर्चित व्यक्तित्वहरू लगायत धेरै सहभागीहरूले आ-आफ्ना भनाई, जिज्ञासा र सुझावहरू त्यहाँ प्रस्तुत गर्नु भएको थियो । संगीत रोयल्टी संकलन समाज नेपालका महासचिव श्री भरत शाक्यले



कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै सहभागीहरूलाई स्वागत गरेर कार्यक्रमको थालनी गर्नु भयो भने कार्यक्रममा प्रतिलिपि अधिकारको परिचय, महत्व, कानूनी प्रावधान तथा समस्या र सुधारका उपायहरू सहितको कार्यपत्र रजिष्ट्रार बिसु कुमार के.सी.ले प्रस्तुत गर्नु भएको थियो । उहाँले कार्यक्रममा सक्रिय र उत्साहजनक सहभागिताको लागि उपस्थित सहभागीहरूलाई धन्यवाद दिनु हुँदै प्रतिलिपि अधिकारको पालना गर्नु पर्ने तथ्य सबैले स्वीकार गरेकोमा खुशी व्यक्त गर्नु भयो । सहभागीहरूलाई प्रतिलिपि अधिकार धनीको स्वीकृति लिएर मात्र गीत संगीतको प्रयोग गर्न, आपसी सम्झौता गरेर मात्र प्रतिलिपि अधिकारयुक्त रचनाको प्रसारण, प्रकाशन र प्रयोग गर्न अनुरोध गर्नु भयो । आर्थिक अधिकारको साथै कम्तीमा स्रष्टाको नैतिक अधिकारको पालना तत्काले गर्न पनि आग्रह गर्नु भयो । गीत संगीत प्रसारण गर्दा शब्द तथा संगीत रचनाकारको समेत नाम उल्लेख गर्न नबिर्सन रजिष्ट्रारले स्मरण गराउनु भएको थियो । प्रतिलिपि अधिकारको हनन नहुने अवस्थाको सिर्जना गर्न सम्बन्धित व्यवसायी, रेडियो, टेलिभिजन, प्रकाशन तथा कला र संगीतको क्षेत्रमा काम गर्नेहरूले आचार संहिता बनाई पालना गर्न समेत सबैलाई आग्रह गर्नु भयो ।

## नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको अनुरोध

साहित्य, संगीत, कला, नाटक, चलचित्र, गायन, नृत्य, अभिनय, फोटोग्राफी, आर्किटेक्ट डिजाइन, टोपोग्राफी नक्सा, कम्प्युटर प्रोग्राम, ज्ञानविज्ञान तथा प्रविधि र मौलिक एवं बौद्धिक रूपले सिर्जना भएका प्रतिलिपि अधिकार र तत्सम्बन्धी अधिकारको संरक्षणका लागि प्रतिलिपि अधिकार ऐन, २०५९ र नियमावली, २०६१ कार्यान्वयनमा आइसकेको कुरा विदितै छ । प्रतिलिपि अधिकार ऐनले अधिकार धनीको आर्थिक तथा नैतिक अधिकार संरक्षण गर्नुका साथै संरक्षित अधिकारको उल्लंघन भएमा पहिलो पटक भएमा कसुरको मात्रा अनुसार दश हजार देखि एकलाख रूपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुबै सजाय हुने र दोश्रो पटकदेखि पटकै पिच्छे बीस हजारदेखि दुईलाख रूपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुबै सजाय हुने तथा अनधिकृत रूपमा प्रयोग गरिएका त्यस्ता सामाग्रीहरू जफत हुने व्यवस्था समेत गरेको छ । अनधिकार प्रतिलिपिहरूको पैठारी गरेमा त्यस्तो सामग्री जफत गरी कसूरको मात्रा अनुसार दशहजार देखि एकलाख रूपैयाँसम्म जरिवाना हुने र प्रतिलिपि अधिकार प्राप्त व्यक्तिलाई त्यस्तो पैठारीबाट भएको नोक्सानीको क्षतिपूर्ति समेत पैठारी गर्ने व्यक्तिबाट भराई दिने व्यवस्था छ ।

अधिकार स्थापित भएका रचना, रेकर्ड भएका क्यासेट, सि.डि. लगायत श्रव्य दृश्य रचना र गायन, वादन, नृत्य, अभिनय जस्ता सिर्जनाहरूको अनुमतिविनाको प्रयोग गैरकानूनी र दण्डनीय हुने हुँदा आफ्नो हक नपुग्ने अरूले सिर्जना गरेका मौलिक रचना/सिर्जनाहरूको अनधिकृत उत्पादन, बिक्री वितरण, सार्वजनिक सञ्चार, भाडामा दिने, रचनाको अनुकरण गरी विज्ञापन वा प्रचार प्रसार गर्ने जस्ता कार्य गर्दा सम्बन्धित स्रष्टाको सहमति विना नगर्न नगराउन आग्रह गर्दै सिर्जनाको प्रयोग गर्दा सहमतिमा गर्ने गराउने वातावरण तयार गर्न समस्त अधिकार धनी, व्यवसायी/प्रयोगकर्ता एवं सर्वसाधारण उपभोक्ता समक्ष नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय अनुरोध गर्दछ ।

## प्रतिलिपि अधिकार उल्लंघन गर्नेलाई सजायः


विभिन्न नेपाली चलचित्रका MP3, DVD, VCD का चक्काहरूलाई डुब्लीकेट बनाई बिक्री वितरण गर्दै आएका सनसाईन नामक चक्का पसल, भगवती म्यूजिक सप समेत २ वटा पसलका सञ्चालकलाई कारवाही गरी पाऊँ भन्ने समेत व्यहोराको दिपु बस्नेतको निवेदनका सम्बन्धमा पाइरेसी नियन्त्रण अनुगमन समिति, चलचित्र विकास बोर्डको तर्फबाट संयोजक केदार प्रसाद पाठकले जाहेरी गरेकोमा आवश्यक तहकिकात र अनुसन्धान पश्चात् जिल्ला अदालत काठमाडौंमा का.जि., का.म.पा.-१७ घर भई ऐ. ७ बस्ने वर्ष ३० को प्रचार मल्ल भन्ने प्रधुम्न कुमार मल्ल समेत प्रतिवादी भएको प्रतिलिपि अधिकार उल्लंघन सम्बन्धी मुद्दाको सम्बन्धमा काठमाडौं जिल्ला अदालतले मिति २०६७।१।२७ मा गरेको फैसलाको सार निम्नानुसार छः-

- प्रतिवादी प्रचारमल्ल भन्ने प्रधुम्न मल्लले प्रतिलिपि अधिकार धनीको अनुमति नलिई लाल सलाम, प्रेम पुजा लगायतका चलचित्रका प्रतिलिपिहरू उत्पादन तथा बिक्री वितरण गरी प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २५(१)(क) बमोजिमको कसूर गरेको देखिँदा निजलाई सोही ऐनको दफा २७ अनुसार रू १५,०००।- जरिवाना र २० दिन कैद सजाय गर्ने ।
- प्रतिवादी प्रचार मल्ल भन्ने प्रधुम्न मल्लको दोकानबाट उनको सम्झना, रघुविर र प्रेमपुजा चलचित्रका कपि गरेका क्यासेटहरू बरामद भएको र उनको सम्झनामा चलचित्रको कपि गरेबाट साइराम पिक्चर्स प्रा.लि.का तर्फबाट मन्दीप श्रेष्ठले रू ३५,०००।-, रघुविर र प्रेम पुजा चलचित्र कपि गरी बिक्री गरेबाट बुढासुब्बा म्यूजिक सेन्टरले रू ४०,०००।- क्षतिपूर्ति माग गरेको देखिँदा निज मल्लबाट बुढासुब्बा म्यूजिक सेन्टरलाई रू ४०,०००।- र साईराम पिक्चर प्रा.लि.लाई रू ३५,०००।- भराई दिने ।
- साथै बरामद भई आएका कपिराईटर र क्यासेट जफत गर्ने ।

# जिल्लामा प्रतिलिपि अधिकार नोडल अधिकृत

प्रतिलिपि अधिकार कार्यान्वयन तथा पाइरेसी नियन्त्रण सम्बन्धी कार्य योजनामा हरेक जिल्लामा एक जना प्रहरी निरीक्षकलाई प्रतिलिपि अधिकार नोडल अधिकृतको रूपमा समेत काम गर्न जिम्मेवारी दिने भन्ने व्यवस्था गरिएको छ । जस अनुसार नेपाल सरकार गृह मन्त्रालयले मिति २०६८।६।१५ मा प्रहरी प्रधान कार्यालयलाई आवश्यक कार्य गर्न लेखी पठाइसकेको छ । धेरै जिल्ला प्रहरी कार्यालयहरूबाट प्रतिलिपि अधिकार नोडल अधिकृत तोकेको जानकारी नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयलाई प्राप्त पनि भइसकेको छ । यस व्यवस्थाबाट प्रतिलिपि अधिकार ऐन कार्यान्वयनमा प्रभावकारिता आउने विश्वास सरोकारवालाहरूले लिएका छन् ।

## २०६८ कार्तिक ३० सम्मको रचना दर्ता




जम्मा रचना दर्ता ८३३

## प्रतिलिपि अधिकार कार्यान्वयन परामर्श समिति गठन

प्रतिलिपि अधिकार ऐनको कार्यान्वयनलाई प्रभावकारी बनाउन नेपाल सरकार सङ्घीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालयको मिति २०६८।६।२ को (मन्त्रीस्तरीय) निर्णयानुसार निम्नानुसारको प्रतिलिपि अधिकार कार्यान्वयन परामर्श समिति गठन गरिएको छ :

| | |
|---|---|
| अध्यक्ष | - सचिव, सङ्घीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय |
| सदस्य | - सहसचिव, सङ्घीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय |
| सदस्य | - सहसचिव, गृह मन्त्रलय |
| सदस्य | - सहसचिव, सञ्चार मन्त्रालय |
| सदस्य | - सहसचिव, अर्थ मन्त्रालय |
| सदस्य | - सहसचिव, कानुन तथा न्याय मन्त्रालय |
| सदस्य | - नायव प्रहरी महानिरीक्षक, प्रहरी प्रधान कार्यालय |
| सदस्य | - अध्यक्ष, संगीत रोयल्टी संकलन समाज नेपाल |
| सदस्य | - अध्यक्ष, नेपाल गायन समाज |
| सदस्य | - अध्यक्ष, चलचित्र विकास बोर्ड |
| सदस्य | - अध्यक्ष, प्रतिलिपि अधिकार संरक्षण समाज |
| सदस्य | - सदस्य सचिव, नेपाल प्रज्ञा प्रतिष्ठान |
| सदस्य | - सदस्य सचिव, संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान |
| सदस्य | - सदस्य सचिव, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान |
| सदस्य | - प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ |
| सदस्य | - प्रतिनिधि, प्रमाणीकरण नियन्त्रकको कार्यालय |
| सदस्य सचिव | - रजिष्ट्रार, नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय |

## सम्पादकीय

# प्रतिलिपि अधिकारमा लगानी

प्रतिलिपि अधिकार व्यवस्थाले साहित्य, कला क्षेत्रका रचना तथा अभिव्यक्ति र तिनको उत्पादन तथा प्रकाशन र प्रसारणको संरक्षण गर्दछ । आज साहित्य र कला क्षेत्र समाजको शोभा र सजावटको मात्र विषय रहेन । यसको स्वामित्व तथा अधिकार सम्बन्धी व्यवस्था प्रतिलिपि अधिकारलाई पनि केवल कानूनी र प्रशासनिक विषयको रूपमा मात्र हेरिनु हुँदैन । अहिलेको विज्ञान तथा प्रविधिको विकास र यसले उद्यम व्यवसायमा ल्याएको परिवर्तनले मानिसको रचनात्मक काम र प्रस्तुति पनि औद्योगिक, व्यापारिक तथा व्यावसायिक महत्वको काम हुन पुगेको छ । साहित्यिक तथा कलाजन्य कामबाट सिर्जित व्यवसायहरू बढ्दो छन् । यसबाट उत्पादन, रोजगारी र आम्दानीको क्षेत्रमा ठूलो योगदान पुर्‍याउँदै आएको छ । त्यसैले २१ औं शताब्दीको अर्थ व्यवस्थालाई ज्ञान र सूचनामा आधारित अर्थ व्यवस्था भन्न थालिएको छ ।

प्रतिलिपि अधिकारले मानिसको रचनात्मक कामलाई बौद्धिक सम्पत्तिको रूपमा ग्रहण गर्दछ र यसलाई निजी सम्पत्ति सरह भोग चलन, बिक्री वितरण गर्ने स्वामित्व रचनाकार वा प्रस्तोतालाई प्राप्त हुन्छ । यसबाट यसको उत्पादन र बिक्री वितरण, प्रकाशन, प्रसारण सम्भव भएको छ । यस्ता प्रतिलिपि अधिकार अन्तर्गत स्वामित्व प्राप्त हुने रचना कला वा कलाजन्य वस्तु तथा सेवामा आधारित उद्यम व्यवसायलाई प्रतिलिपि अधिकारजन्य उद्यम व्यवसाय भनिन्छ । उदाहरणका लागि मुद्रण तथा प्रकाशन, संगीत रेकर्ड तथा उत्पादन, चलचित्र निर्माण, कम्प्युटर सफ्टवेयर उत्पादन, सिनेमा, नाटक तथा सांगीतिक कार्यक्रम प्रस्तुत गर्ने व्यवसाय, विविध खाले कलाजन्य उत्पादन, विज्ञापन व्यवसाय र प्रतिलिपि अधिकारको व्यवस्थापन गर्ने सेवा आदि मुख्य प्रतिलिपि अधिकारजन्य उद्यम व्यवसायमा गनिन्छन् । यस्ता क्षेत्रमा हजारौं मानिसहरू कार्य गर्दछन् । यसैगरी यो एउटा आय आर्जनको पनि स्रोत हो । राज्यले स्वभावत कर राजस्व यी क्षेत्रबाट पनि प्राप्त गर्दछ नै । यसरी राष्ट्रिय उत्पादनमा समेत प्रतिलिपि अधिकारजन्य उद्यम व्यवसायको गतिलै योगदान गर्ने गरेको अनुमान गर्न सकिन्छ । यस विषयमा एउटा अध्ययन गरेर के कति योगदान छ भन्ने जान्न पनि आवश्यक भइसकेको छ । विकसित देशहरूमा राष्ट्रिय उत्पादनमा ५।६ प्रतिशतसम्म प्रतिलिपि अधिकारजन्य उद्यमहरूको योगदान रहेको तथ्य बाहिर आएका छन् भने हाम्रो जस्तो कम विकसित देशहरूको पनि ३।४ प्रतिशत योगदान प्रतिलिपि अधिकारजन्य उद्योगहरूको रहेको देखिएको छ ।

यहाँ भन्न खोजिएको कुरा के हो भने प्रतिलिपि अधिकार व्यवस्थाको सुदृढीकरण नभै प्रतिलिपि अधिकारजन्य उद्यम व्यवसाय फस्टाउँदैनन् । त्यसैले प्रतिलिपि अधिकारको बारे जानकारी, सचेतना, ज्ञान र सीप विस्तार गर्न, यसको व्यवस्थापन र कार्यान्वयन गर्न तथा यसको सरकारी तथा निजी क्षेत्रमा प्रवर्द्धन गर्न लगानी गर्न आवश्यक छ । यस क्षेत्रमा गरिएको लगानीलाई अनुत्पादक क्षेत्रमा गरिएको लगानी भन्ने परम्परागत सोचमा परिवर्तन गर्न आवश्यक छ । प्रतिलिपि अधिकार व्यवस्थाको लागि गरिएको लगानीले देशमा रोजगारी र आम्दानीमा सुधार ल्याउँछ । राष्ट्रिय उत्पादन बढाउँछ । समग्रमा आर्थिक सामाजिक विकासमा कम लगानी मै उल्लेखनीय बृद्धि गर्दछ भन्न सकिन्छ । कला, साहित्य र यी सम्बद्ध क्षेत्रको विकास पनि साथसाथै हुने नै भयो र यसबाट राष्ट्रको गौरव पनि बृद्धि हुन्छ ।

**Nepal Copyright Registrar's Office**
Kalikasthan, Kathmandu, Nepal
Tel: 977-1-4431155, 4443750
Fax: 977-1-4431144, PO Box: 430
E-mail: info@nepalcopyright.gov.np
Web Page: www.nepalcopyright.gov.np

प्रतिलिपि अधिकार बुलेटिन नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट निःशुल्क वितरण गरिन्छ । यस बुलेटिनका सम्बन्धमा यदि तपाईको कुनै जिज्ञासा वा सुझाव छ भने हामीलाई यस ठेगानामा सम्पर्क गर्न नबिर्सनु होला ।

Mail to:

All Photos by NCRO, © सर्वाधिकार : नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा सुरक्षित ।